प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# जिरी प्राविधिक शिक्षालय

जिरी-५, दोलखा

Jiri Technical School, Jiri-5, Dolakha, Estd: 1982

**निर्वाह भत्ता सहित दलित, मुस्लिम, विपन्न र सिमान्तकृत समुदायका छात्रछात्राहरुलाई ३ वर्षे Diploma in Civil Engineering कार्यक्रममा नि:शुल्क अध्ययनको लागि आवेदन फाराम आह्वानको सूचना**

प्राविधिक शिक्षा तथ व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्धारा मिति २०८०।०४।२३ गते प्रकाशित सूचना अनुसार यस **जिरी** प्राविधिक शिक्षालय, **जिरी** दोलखामा सञ्चालन हुने विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०८० अन्तर्गत **Diploma in Civil Engineering** कार्यक्रममा नेपाल अधिराज्यभरिबाट तपसिलको कोटा संख्यामा दलित र विपन्न/सिमान्तकृत (हलिया, कमैया, अपाङ्गता भएका द्वन्द्व पीडित/सहिद/जनआन्दोलन घाइते परिवार लाई समावेश गरी नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा आदिवासी जनजाती समूहहरू (बनकरीया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी र थुनम) लाई प्राविधिक शिक्षा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्न इच्छुक योग्य नेपाली नागरिकहरूबाट प्रवेश परीक्षाको आवेदन फाराम आह्वान गरिन्छ।

**१.कोटा संख्या**

| दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| को | म | बा | ग | लु | क | सु.प. | को | म | बा | ग | लु | क | सु.प. | को | म | बा | ग | लु | क | सु.प. | |
| ३ | २ | २ | ३ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |

*नोटः को=कोशी प्रदेश, म=मधेश प्रदेश, बा=बागमती प्रदेश, ग=गण्डकी प्रदेश, लु=लुम्बिनी प्रदेश, क= कर्णाली प्रदेश र सु.प.=सुदूर पश्चिम*

**२.आवेदन फाराम पाइने र बुझाउने स्थानहरू: बागमती प्रदेश अन्तर्गतका पालिकाका आवेदकहरूका लागि**

परिषद्, प्रदेश कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर

नेपाल वनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोक

भरतपुर बहुप्राविधिक शिक्षालय, जगतपुर, चितवन

जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा

पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक

बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ

***परीक्षार्थीहरूले आफ्नो स्थायी बसोबास भएको प्रदेशमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ***

**३.आवश्यक न्यूनतम योग्यता:**

क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा टि.एस.एल.सी. मा ६८.३३ अङ्क प्राप्त गरी उत्तीर्ण

(ख) अक्षराङ्कन पद्धति लागू भए पश्चातः एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेश भई न्यूनतम १.६ सि.जि.पि.ए. वा टि.एस.एल.सी. मा ६८.३३ अङ्क प्राप्त गरी उत्तीर्ण

**४.आवेदन फाराम भर्ने मिति:** २०८० श्रावण २३ गते मंगलबारदेखि २०८० भाद्र ८ गते **शुक्रबारसम्म** आवेदन **फाराम शुल्क: नि:शुल्क**

**५.प्रवेश परीक्षा मिति: २०८० भाद्र १६ गते शनिबार बिहान ११:०० बजेदेखि काठमाडौमा हुनेछ ।**

**६.आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू: प्रमाणित प्रतिलिपीहरु**

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्र (ख) दलितले राष्ट्रिय दलित आयोग र सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिका कार्यालयबाट जारी गरिएको प्रमाणपत्र वा दलित परिचय पत्र (ग) बिपन्न बर्गको लागि नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित २२ वटा आदिवासी जनजाति (माथि उल्लेख भएको) समुहमा पर्ने भनी सम्वन्धित पालिकाबाट जारी प्रमाणपत्र (घ) पूर्व कमैया र हलियाहरूको हकमा जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्र र नाता प्रमाणितपत्र (ङ) मुस्लिमको हकमा सम्वन्धित पालिका र जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र (च) अपाङ्गको हकमा सम्वन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचयपत्र (छ) द्वन्दपीडित, सहिद परिवार, जनआन्दोलन घाइते परिवारको सदस्यको हकमा सम्बन्धित जि.प्र.का.को प्रमाणपत्र र नाता प्रमाणित (ज) एस.इ.ई, प्राविधिक एस.एल.सी र प्रि-डिप्लोमा उत्तीर्ण गरेको मार्कशीट, चारित्रिक प्रमाणपत्रहरू र २९ महिने प्राविधिक एस.एल.सी.को हकमा टेष्ट परीक्षाको लब्धाङ्क पत्र (झ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो

**प्रशिक्षार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु.३,५००।-, यातायात खर्च बापत प्रति वर्ष रु.१,५००।-, पोशाक खर्च वापत प्रति वर्ष रु.२,५००।- तथा प्रशिक्षण अवधिभरका लागि नि:शुल्क छात्रावासको व्यवस्था गरिनेछ।**

**थप जानकारीको लागि :०४९-४०००६३, ९८५४०४५०६३, ९८४५३४१०९१, वा ९८४३४४७१६६ मा सम्पर्क गर्नुहोला**

**शिक्षालय प्रमुख**